# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः २०८२/०७/२६

### भाग — १

## छोरी पेवा कार्यक्रम २०८२

# प्रस्तावनाः

रूपा गाउँपालिका क्षेत्रभित्रका छोरीहरुको आर्थिक सामाजिक सुरक्षाको लागि रूपा गाउँपालिकाको **छोरी पेवा (छोरी काखामा बचत खातामा)** कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका कार्यविधि बान्छनिय भएकाले **रूपा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५** को दफा ४ बमोजिम रूपा गाउँ कार्यपालिकाको मिति २०८२।०७। १४ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यो कार्यविधि तयार गरी जारी गरिएको छ।

## परिच्छेद १

### १) सक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम रूपा गाउँपालिका कास्कीको **छोरी पेवा (छोरी काखामा बचत खातामा) कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** रहनेछ ।

(ख) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

२) **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"गाउँपालिका"** भन्नाले रूपा गाउँपालिका, कास्कीलाई जनाउनेछ ।

(ख) **"अध्यक्ष"** भन्नाले रूपा गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ग) **"उपाध्यक्ष"** भन्नाले रूपा गाउँपालिकाको उपाध्यक्षलाई जनाउनेछ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(ङ)"अभिभावक" भन्नले कार्यक्रममा सहभागि भएका छोरीको बाबु वा आमा वा दुवैलाई सम्झनुपर्दछ र सो शब्दले धर्मबाबु वा धर्मआमा वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्ति समेतलाई जनाउदछ ।

(च)**"कार्यक्रम"** भन्नाले छोरी पेवा कार्यक्रमलाई सम्झनु पर्छ ।

(छ)"**खातावाला**" भन्नाले **छोरी पेवा (छोरी काखामा बचत खातामा)** कार्यक्रम अन्तरगत

खोलिएको बैंक खातामा भएका छोरी र निजको अभिभावक/संरक्षकलाई जनाउनेछ ।

(ज) **"संरक्षक"** भन्नाले अभिभावक बिहिन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्धेश्यले कानून बमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनुपर्दछ र सो शब्दले व्यक्ति संरक्षक भएकोमा सो व्यक्ति समेतलाई जनाउनेछ ।

झ) "सेवा प्रदायक संस्था"भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी यस कार्यक्रम सन्चालन गर्ने गरी सम्झौता गरिएका बैंक लाई जनाउनेछ ।

# परिच्छेद २

३. कार्यक्रम आवद्ध हुने :

(१) वि.स २०८२ साल श्रावण १ गते वा सो मिति भन्दा पछि जन्मेका छोरी मात्र यस कार्यक्रममा आवद्ध हुन सक्नेछन्। छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी गाउँपालिकाको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ ।

(२) छोरीलाई कार्यक्रममा आवद्ध गराउनको लागि अनुसूची-२ बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रकृया पुऱ्याई कार्यक्रम अन्तरगत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित

अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची-३ बमोजिमको ढांचामा गरि पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सिफारिस भई आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अर्न्तगत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नं. सहितको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(५) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा बैकल्पिक स्याहार केन्द्रमा आश्रित रहेका नवजात छोरीलाई कार्यक्रममा आवद्ध गर्नु त्यस्ता संस्थाका प्रमुख वा संरक्षकको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम कार्यक्रममा आवद्ध हुनुपर्ने अवधि देहाय बमोजिम हुनेछ ।

देहाय

क) कार्यविधि जारी भएको मिति देखि ६० दिन भित्र,

ख) चालु आ.व को जेठ मसान्त पश्चातको अवधिमा जन्म भएको बालिकाको हकमा आगामी आ.व. सुरु भएको ६० दिन भित्र आवद्ध हुन सक्नेछन् यस्ता  बालिकाले चालु आ.व. को रकम समेत प्राप्त गर्नेछन् ।

(७) रूपा गाउँपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिस भएको हुनु पर्नेछ ।

**४. गाउँपालिकाले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुने** :

(१) २०८२ साल साउन १ गते वा सो मिति पछि जन्मिएका रूपा  गाउँपालिका भित्रका छोरीलाई छोरी पेवा कार्यक्रम अन्तर्गत गाउँपालिकाले छोरी पाँच वर्ष हुदा (६० महिना) सम्म मासिक रु १ सयका दरले वार्षिक रु १ हजार २ सय बैंक खातामा जम्मा गर्नेछ।यसरी उपलब्ध गराउने रकम

गाउँपालिकाले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फ बाट समेत मासिक रु १०० का दरले वार्षिक रु १२०० जम्मा गर्नुपर्दछ ।

(३) उपदफा(१)बमोजिमको रकम दफा ३ को उपदफा ६(ग) बमोजिमका बालबालिका र चालु आ.व.को वार्षिक/ अर्धवार्षिक रुपमा भुक्तानी गरिने छ ।

(४) देहायका अवस्थामा उपदफ(१) बमोजिमको रकम खातावालई उपलब्ध हुने छैन ।

(क) छोरीको उमेर १६ वर्ष पुरा नभएमा वा

(ख) दफा ४(४) क उल्लेखित उमेर अगावै विवाह गरेको अवस्थामा ।

**५.खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्थाः**

(१) कार्यक्रम अन्तरगत खातावालाले पाउने सेवा सुविधा रूपा गाउँपालिका र सेवा प्रदायक संस्थाबिचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ ।

**६.खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्थाः**

(१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाको निवेदन भएपछि रूपा गाउँपालिकाले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ ।रूपा गाउँपालिकाबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालालाई भुक्तानी गर्नेछ ।

(२) यस कार्यक्रमा आवद्ध खातावाले खातामा दफा (४) को उपदफा (४) को अवस्थामा

समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजलाई भुक्तानी दिइने छैन्।सो अवस्थामा गाउँपालिकाबाट सेवा प्रदायक संस्थालाई लेखि आएपछि उक्त गाउँपालिका तर्फबाट रकम गाउँपालिकाको खातामा जम्मा हुनेछ ।

(३) रूपा गाउँपालिकाले उपदफा(१)र(२) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा राख्नु पर्दछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै खातामा रहेको रकम भुक्तानीको लागि रूपा गाउँपालिकामा निवेदन दिन सक्नेछ ।गाउँपालिकाले व्यहोरा पुष्टी हुन आएमा  समयावधी समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित

खातावालालाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउनेछ ।साथै सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाल वा अभिभावक वा संरक्षक लाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

(क) खातावाला छोरीको मृत्यु भएमा वा

(ख) नेपाल सरकारले सुचिकृत गरेको गम्भिर प्रकारको रोग लागेको भनी सरकारी अस्पतालबाट प्रमाणित भएमा वा

(ग) पुर्ण वा अति अशक्त अपाङ्गता भई सोही कारणले विद्यालय शिक्षा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा वा

(घ) अभिभावक वा संरक्षकको मृत्यु भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन नसकेको वा अभिभावकको तर्फबाट जम्मा गर्नुपर्ने रकम जम्मा गर्न नसकेको वा नसक्ने अवस्था भएमा ।

(५) खाताको समयावधि समाप्त हुनु अगावै उपदफा (४) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन । तर खण्ड (ख)र (ग)को अवस्थामा भने खाताको समयावधि सम्म रकम निरन्तर जम्मा भईरहनेछ ।

(६) उपदफा (४) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणपत्रहरु झुठ्ठा ठहरेमा गाउँपालिकाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ ।यस्तो अवस्थामा खाता खोलिने छैन।खाता खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको खातावालाई भुक्तानी गरिने छैन ।झुठ्ठा बिवरण पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ ।

(७)उपदफा(२)र(६) बमोजिम सम्बन्धित खातावालाई भुक्तानी हुन नसकेको रकम मध्ये गाउँपालिका तर्फको रकम सेवा प्रदायक

संस्थाबाट रूपा गाउँपालिकामा फिर्ता लिई सोही कार्यक्रममा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

## परिच्छेद-३
## सेवा प्राप्ति सम्बन्धित व्यवस्था

**७.सेवा प्राप्त गर्ने:** गाउँपालिकाले सेवा प्रदायक संस्था संग सम्झौता गरी कार्यक्रम अन्तरगत खाता संचालनको सेवा प्राप्त गर्नेछ ।

**८.सम्झौता रद्द हुने:**

(१)दफा (७)बमोजिम गाउँपालिका र सेवा प्रदायक संस्था बिच भएको सम्झौता देहायको अवस्था रद्द हुनेछ ।

(क)सेवा प्रदायकले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा।

(ख)सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमको व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा

पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्द गर्न सकिने छ ।

(ग)गाउँपालिकाबाट कुनै पनि समयमा कार्यक्रम खारेज गरिएमा सम्झौता रद्द गर्न सकिनेछ ।

(२)उपदफा(१) को खण्ड (ग)बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा भएको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ ।र खण्ड (क)(ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।

## परिच्छेद-४
## विविध

### ९.अभिलेख तथा प्रतिवेदनः

(१) गाउँपालिकाको कार्यक्रमा आवद्ध छोरीहरुको आधारभुत अभिलेख महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्गता शाखाले अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) कार्यक्रमको संचालन प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नको लागि व्यवस्थापन गर्ने छ ।

## १०.अनुगमन तथा मुल्याङ्कनः

(१) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन रूपा गाउँपालिकाले गर्नेछ ।

# अनुसूचि १
## (दफा ३ को उपदफा (१) सँग सम्बन्धित )
## आवद्धताका लागि रूपा गाउँपालिकामा दिने निवेदनको ढाँचा

मिति................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रूपा गाउँपालिकाको कार्यालय,कास्की
।

| बालिकाको फोटो | अभिभावकको फोटो |
|---|---|

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा रूपा गाउँपालिकाको छोरी पेवा कार्यक्रम (छोरी काखमा बचत खातामा) सहभागी हुन योग्य भएकाल

निम्न विवरण राखी कार्यक्रमा सहभागि हुन यो निवेदन पेश गरेको छु।मैले पेश गरेका विवरण साँचो छ।झुट्ठा ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु।

छोरीको नाम..................................
जन्म मिति.....................................
जन्म दर्ता मिति...............................
जन्म दर्ता नं...................................
स्थायी ठेगाना...................................
अस्थायी ठेगाना...............................
बाबुको नाम...................................
आमाको नाम...................................
बाजेको नाम....................................

संरक्षकको सम्पर्क नं..........................

| दाया | बाया |
|---|---|
| | |

नामथर.......................
ठेगाना............................
हस्ताक्षर.........................
मिति...............................

# अनुसूचि-२

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित )

## आवद्धताका लागि रूपा गाउँपालिकामा दिने निवेदनको साथ पेश गर्नुपर्ने

**<u>कागजातहरुको विवरण</u>**

१.छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

२.अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

३.छोरीको हालसालै खिचेको फोटो,

४.अभिभावकको हालसालै खिचेको पासपोर्ट साइजको फोटो,

५.अन्य जिल्ला बाट बसाई सराई गरि आएको भए बसाईसराई प्रमाण पत्रको प्रतिलिपि,

६.वडाको सिफारिस,

# अनुसूचि ३
## दफा ३ को उपदफा २ संग सम्बन्धित

खाता खोल्नका लागि रूपा गाउँपालिकाले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

मिति

श्री ..........................

........................शाखा,....

विषयःखाता सन्चालन गरिदिनुहुन ।

प्रस्तुत विषयमा रूपा गाउँपालिकाको छोरी पेवा (छोरी काखमा बचत खातामा)कार्यक्रम सन्चालन कार्यविधि २०८२ बमोजिम तपसिल विवरणको आधारमा खाता स्थापना गरि सन्चालन गरिदिनुहुन सिफारिसका साथ अनुरोध छ ।

तपसिल

**क.अभिभावक/संरक्षकको विवरण**

| अभिभावक/संरक्षकको नामथर | ठेगाना | ना.प्र.न वा रा.प्र.न | जारी मिति र जिल्ला | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

**ख.बालिकाको विवरण**

| बालिकाको नामथर | ठेगाना | ज.द.न | जारी मिति ,स्थानिय तह र जिल्ला | कैफियत |
|---|---|---|---|---|
| | | | | |

दस्तखतः

नामः

पदः